नेपाल सरकार
परराष्ट्र मन्त्रालय
राहदानी विभाग
नारायणहिटी, काठमाण्डौ

प.सं.: डीओपी/२०७२।७३ मिति: २०७३।१।२०

(अत्यन्त जरुरी)

च.नं.: २२१६

श्री गृह मन्त्रालय
आन्तरिक व्यवस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं ।

श्री सबै विदेशस्थित नेपाली नियोगहरु ।

विषय : **राहदानी नियमावलीमा तेश्रो संशोधन भएको सम्बन्धमा ।**

राहदानी नियमावली, २०६७ को तेश्रो संशोधन भै राहदानी (तेस्रो संशोधन) नियमावली, २०७२ नेपाल राजपत्रमा २०७३ बैशाख ६ गते प्रकाशित भै कार्यान्वयनमा आएको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ । अद्यावधिक राहदानी नियमावली यस विभागको वेभसाइट www.nepalpassport.gov.np मा राखिएको व्यहोरा अनुरोध छ । यसर्थ संशोधित राहदानी नियमावली बमोजिम आवश्यक कार्यार्थ अनुरोध गरिन्छ ।

राहदानी नियमावलीमा संशोधन भएका मुख्य विषयहरु देहाय बमोजिम रहेको व्यहोरा अनुरोध गरिन्छ ।
१. मूल नियमावलीको नियम १३ मा संशोधन भै परिवारका सदस्य भन्नाले निजसंग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नि, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा वा विवाहित महिला कर्मचारीको हकमा निजको सासु, ससुरा सम्झनु पर्दछ ।

२. दश वर्षभन्दा कम उमेरका नाबालकको लागि राहदानी जारी गर्दा ५ वर्षको वहाल म्याद राखिने भएकोले सोही बमोजिम राहदानी फाराममा रहेको Validity महलमा ०५ वर्ष उल्लेख गरी प्रमाणित गर्ने । राजश्व लिंदा भने राहदानी नियमावलीको अनुसूची -४ को खण्ड १ बमोजिम लाग्ने दस्तुरको आधा रकम लिने ।

३. एमआरपी राहदानी हराई अर्को एमआरपीको लागि आवेदन गर्नु अघि राहदानी हराएको सूचना कुनै दैनिक पत्रिकामा प्रकाशन गर्न सकिने ।

बोधार्थ तथा कार्यार्थ :
श्री सबै जिल्ला प्रशासन कार्यालयहरु ।

(शरदराज आरण)
निर्देशक

IT